लोक सेवा आयोग

निक्षेप तथा कर्जा सुरक्षण कोष, प्रशासन, चौथो, सहायक पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०८१।०६।११

पत्र : प्रथम

समय : २ घण्टा पूर्णाङ्क : १००

विषय : सामान्य ज्ञान तथा गणित

**विषयगत** **समय : १ घण्टा १५ मिनेट**

**अङ्क : ५०**

१. रमेशले एउटा काम १५ दिनमा गर्न सक्छ । सुरेशले सोही काम १८ दिनमा गर्न सक्छ । दुवैजना सँगै काम गरेको ५ दिनपछि रमेशले काम गर्न छोड्यो भने सुरेश एक्लैले बाँकी काम कति दिनमा सक्छ? पत्ता लगाउनुहोस् । ५

२. कुनै एक कर्मचारीको मासिक तलब रू. १८,००० छ । यदि उक्त कर्मचारीले आफ्नो तलबको ८० प्रतिशतका दरले खर्च गर्दछ भने उसले दुई महिनामा कति रकम बचत गर्दछ? निकाल्नुहोस् । ५

३. एउटा गुणोत्तर श्रेणीको सातौं पद तेस्रो पदको एकासी गुणा छ र पाँचौं पद २४३ छ भने नवौं पद कति होला? पत्ता लगाउनुहोस् । ५

४. बैंकमा जम्मा गरेको रू. १० लाख ४ वर्षमा ८.५ प्रतिशत साधारण ब्याजका दरले हिसाब गर्दा कुल कति ब्याज हुन्छ? यदि उक्त ब्याजमा ५ प्रतिशत आयकर लगाउँदा खुद साधारण ब्याज कति हुन्छ? पत्ता लगाउनुहोस् । ३+२=५

५. वार्षिक रू, ६,००,००० आर्जन गर्ने एकजना व्यक्तिले रू. २०,००० आयकर तिर्छ र रू. ३,५०,००० सम्मको वार्षिक आयमा आयकर छुट छ भने उसलाई लगाइएको आयकरको दर निकाल्नुहोस् । ५

६. एउटा सामानको अंकित मूल्य (Marked Price) यसको क्रय मूल्य (Cost Price) भन्दा २५ प्रतिशत बढी छ । उक्त सामानलाई १५ प्रतिशट छुट (Discount) दिएर बेच्दा रू. ३२० नाफा हुन्छ भने उक्त सामानको अंकित मूल्य कति होला? पत्ता लगाउनुहोस् । ५

७. एक पसलेले २० प्रतिशत छुट दिएर रू. १०,००० मा एउटा कोट बेचेछ भने उक्त कोटको अंकित मूल्य कति रहेछ? निकाल्नुहोस् । ५

८. सीता र गीताको हालको उमेरको अनुपात ५:४ छ । यदि ५ वर्ष अघि उनीहरूको उमेरको अनुपात ८:६ भए, उनीहरूको हालको उमेर पत्ता लगाउनुहोस् । ५

९. राम्ररी फिटेको तासको सेटबाट एउटा तास नहेरिकन निकाल्दा अनुहार भएको तास (Face Card) वा एक्का पर्ने सम्भाव्यता कति हुन्छ? पत्ता लगाउनुहोस् । ५

१०. तल दिइएको तथ्यांकको आधारमा मध्यक (Mean) पत्ता लगाउनुहोस् । ५

| प्राप्तांक | १५ | २५ | ३५ | ४५ | ५५ | ६५ |
|---|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | ६ | ११ | ७ | ४ | ३ | १ |

:: समाप्त ::